आज मिति २०८० साल असोज ८ गते सोमबारका दिन रुपन्देही जिल्ला गैडहवा गाउँपालिकामा स्थानीय तहमा कार्यरत कर्मचारीहरुको तपशिल बमोजिमको उपस्थिति भई निम्नलिखित प्रस्तावहरुमाथि छलफल गरी निर्णय गरियो ।

उपस्थिति

१.श्री माधवराज पौडेल

२.श्री यमकान्त पौडेल

३.श्री रमपत मल्लाह

४.श्री रचना गौतम पाण्डे क्षेत्री

५.श्री नारायण दर्लामी

६.श्री महेश चौधरी

७.श्री संजय कुमार पासी

८.श्री टिका अर्याल खनाल

९.श्री धिरेन्द्र चौधरी थारु

१०.श्री तुलसीराम भुषाल

११.श्री बालिका गौडेल

१२.श्री शिवचरण मुराउ

१३.श्री दिपा पौडेल

१४.श्री टिकाराम चौधरी

१५.श्री गंगाराम चौधरी

१६.श्री शान्ता गिरी

१७.श्री पार्वती ज्ञवाली

१८. श्री दिलिप कुमार भुज

१९.श्री महेन्द्र केवट

२०. श्री सुर्यप्रसाद कंडेल

२१ .श्री सुरज जयसवाल

२२. श्री सुख्खु यादव

२३. श्री जगदिश प्रसाद यादव

२४. श्री नन्दलाल चौधरी

२५. श्री त्रिभुवन कुर्मी

२६.श्री ~~समदेव पासी~~ महेन्द्र लोध

प्रस्तावहरु:

१.स्थानीय तह संघर्ष समिति गठन सम्बन्धमा ।

२.संघीय निजामती सेवा ऐनमा समावेश गरिनुपर्ने माग सम्बन्धमा ।

३. विविध सम्बन्धमा ।

निर्णय नं.१ प्रस्ताव नं.१ माथि छलफल गर्दा यस गैडहवा गाउँपालिकामा कार्यरत कर्मचारीहरुमध्ये तपसिल वमोजिमको स्थानीय तह संघर्ष समिति गठन गरियो ।

तपसिल:

१.श्री रमपत मल्लाह-संयोजक मो.नं९८६३२११६२८

२.श्री तुल्सीराम भुपाल-सह संयोजक मो.नं.९८४४७९८८७३

३.श्री धिरेन्द्र चौधरी थारु -सह संयोजक मो.नं.९८५८३२००४०

४.श्री माधवराज पौडेल-सदस्य

CamScanner

५.श्री यमकान्त पौडेल-सदस्य

६.श्री रचना गौतम पाण्डे क्षेत्री-सदस्य

७.श्री नारायण दर्लामी-सदस्य

८.श्री महेश चौधरी-सदस्य

९.श्री संजय कुमार पासी-सदस्य

१०.श्री टिका अर्याल खनाल-सदस्य

११.श्री बालिका गौडेल-सदस्य

१२.श्री शिवचरण मुराउ-सदस्य

१३.श्री दिपा पौडेल-सदस्य

१४.श्री टिकाराम चौधरी-सदस्य

१५.श्री गंगाराम चौधरी-सदस्य

१६.श्री शान्ता गिरी-सदस्य

१७.श्री पार्वती ज्ञवाली-सदस्य

१८. श्री दिलिप कुमार भुज-सदस्य

१९.श्री महेन्द्र केवट-सदस्य

२०. श्री सुर्यप्रसाद कंडेल-सदस्य

२१ .श्री सुरज जयसवाल-सदस्य

२२. श्री सुख्खु यादव-सदस्य

२३. श्री जगदिश प्रसाद यादव-सदस्य

२४. श्री नन्दलाल चौधरी-सदस्य

२५. श्री त्रिभुवन कुर्मी-सदस्य

CS CamScanner

२६.श्री रामदेव पासी-सदस्य

निर्णय नं.२ प्रस्ताव नं.२ माथि छलफल गर्दा संघीय निजामति सेवा ऐनमा निम्नलिखित मागहरु समावेश गर्न माग गर्ने निर्णय गरियो ।

तपसिलः

१. नामः संघीय निजामती ऐनको सट्टा एकिकृत निजामती ऐन जारी गरिनुपर्ने ।

२. परिभाषा : संघीय , प्रदेश र स्थानीय सेवाको पदमा बहाल रहेका स्थायी कर्मचारीहरुलाई निजामतीको परिभाषा भित्र समेटिनुपर्ने ।

३. स्वरुप : स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतको पद स्थानीय सेवाको नै रहने व्यवस्था गरिनुपर्ने ।

४. तीन वटै तहमा तहगत प्रणाली लागु गरिनुपर्ने ।

५. सरुवा :

क) स्थानीय तहमा कार्यरत ( संघीय कानुन बमोजिम समायोजन भएका, लोकसेवा आयोगबाट सिफारिस भई नियुक्त भएका, प्रदेश लोकसेवा आयोगबाट सिफारिस भई नियुक्त भएका र साविक स्थानीय तहका) कर्मचारीहरु ७५३ स्थानीय तहहरुमा नै बिना सहमति स्वचालित,वैज्ञानिक, पूर्व अनुमानयोग्य र चक्रिय प्रणाली अनुसार २/२ वर्षमा सरुवा हुनुपर्ने व्यवस्था गरिनुपर्ने । एउटै प्रदेश भित्र प्रदेशले र अन्तर प्रदेश स्थानीय तह सरुवा संघीय मामिलाद्वारा गरिनुपर्ने ।

ख) समायोजन ऐन २०७५ बमोजिम स्थानीय तहमा समायोजन भएका कर्मचारीहरुको हकमा ज्येष्ठताका आधारमा निश्चित प्रतिशत छुट्याई संघमा सरुवा हुन पाउने व्यवस्था गरिनुपर्ने ।

६. बढुवा :

क) तीनै तहमा कार्यरत कर्मचारी ५/५ वर्षमा न्युनतम योग्यता पुगेको अवस्थामा बढुवा हुनुपर्ने व्यवस्था गरिनुपर्ने ।

ख) निश्चित अवधि र न्युनतम योग्यता पुगेका कर्मचारीहरुका हकमा कम्तिमा १० प्रतिशत पदमा स्थानीयबाट प्रदेश र संघमा, प्रदेशबाट संघ र स्थानीयमा र संघबाट प्रदेश र स्थानीय तहमा बढुवा हुन पाउने व्यवस्था गरिनुपर्ने ।

ग) समायोजन ऐन २०७५ बमोजिम स्थानीय तहमा समायोजन भएका कर्मचारीहरुलाई एक पटकलाई बढुवा प्रकृयाद्वारा संघीय सेवामा जान पाउने व्यवस्था गरिनुपर्ने ।

७. सेवाको सुरक्षा :

CamScanner

क) तीनै तहमा कार्यरत कर्मचारीहरुलाई जुनसुकै तहको विज्ञापनमा उमेरहद नलाग्ने र सेवा अवधि जोडिने व्यवस्था गरिनुपर्ने ।

ख) स्थानीय तहका कर्मचारीहरुको हकमा योगदानमा आधारित निवृतिभरण कोषको व्यवस्था संघबाट नै गरिनुपर्ने ।

ग) स्थानीय तहमा कार्यरत बहालवाला कर्मचारीहरुका सन्ततिलाई शैक्षिक प्रोत्साहन वृति उपलब्ध गराउने ऐनमा अनिवार्य व्यवस्था गरिनुपर्ने ।

**८. अन्तर तह :** स्थानीय तहमा कार्यरत (संघीय कानुन बमोजिम समायोजन भएका, लोकसेवा आयोगबाट सिफारिस भई नियुक्त भएका, प्रदेश लोकसेवा आयोगबाट सिफारिस भई नियुक्त भएका र साविक स्थानीय तहका) स्थानीय सेवाका कर्मचारीहरुलाई प्रदेश र संघीय सेवाको पदमा अन्तर तह प्रतियोगिताको माध्यमबाट तह परिवर्तनको अवसर प्रदान गर्ने व्यवस्था गरिनुपर्ने ।

**९. तालिम :**

क) स्थानीय तहका कर्मचारीहरुलाई सेवा प्रवेशसँगै सबै पदमा अनिवार्य सेवा प्रवेश तालिम र सेवाकालीन तालिमको व्यवस्था गरिनुपर्ने ।

ख) प्रत्येक वर्ष सबै पदका स्थानीय तहका कर्मचारीहरुलाई कम्तिमा १ हप्ताको रिफ्रेसमेन्ट तालिम ऐनमा अनिवार्य व्यवस्था कायम गरिनुपर्ने ।

१०. स्थानीय तह कर्मचारी र निजको सन्ततीको हितको लागि एक कर्मचारी कल्याणकोषको अनिवार्य व्यवस्था कायम गरिनुपर्ने ।

११. संघीय कानुन बमोजिम स्थानीय तहमा समायोजन भएका, लोकसेवा आयोग तथा प्रदेश लोकसेवा आयोगको सिफारिसमा स्थायी नियुक्ति भएका स्थानीय तहका कर्मचारी र संघीय सेवा र प्रदेश सेवाका कर्मचारीहरुको वृतिविकासको अवसर समान हुनुपर्ने । साथै स्थानीय तहमा कार्यरत साविक स्थानीय तहका कर्मचारीहरुको वृति विकासको बाटो निश्चित गरिनुपर्ने ।

१२. स्थानीय सेवाका साविक स्थानीय तहका कर्मचारीहरुको उपदानको व्यवस्थापन स्थानीय तहले व्यहोर्न नसक्ने अवस्था आएमा संघीय सरकारबाट हुने व्यवस्था ऐनमा नै कायम गरिनुपर्ने ।

१३. लामो समयसम्म अस्थायी तथा करार दरबन्दीमा कार्यरत रहेका र तोकिए बमोजिमको शैक्षिक योग्यता भएको कर्मचारीलाई एक पटकको लागि उमेरको हद नलाग्ने गरी लोक सेवा आयोगको सिमित आन्तरिक प्रतियोगिताको माध्यमबाट स्थायी गर्ने व्यवस्था गर्ने र उक्त प्रकृयाबाट स्थायी हुन नसकेका कर्मचारीलाई सेवा अवधिको आधारमा उपयुक्त सेवा सुविधा प्रदान गरी अवकाश दिने व्यवस्था गरिनुपर्ने ।

१४. स्थानीय सेवाका कर्मचारीहरुलाई ट्रेड युनियनको अधिकार प्रदान गरिनुपर्ने । आधिकारिक ट्रेड युनियनमा भाग लिने व्यवस्था गरिनुपर्ने ।

CamScanner

निर्णय नं.३ प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस गैडहवा गाउँपालिकामा कार्यरत कर्मचारीहरुमध्येबाट केन्द्रिय प्रतिनिधिको रुपमा आवतजावत खर्च व्यवस्थापनको लागि प्रत्येक कर्मचारीले न्यूनतम रु १०००।- (अक्षेरुपी रु एक हजार मात्र)।-अनिवार्य र स्वेच्छिक रुपमा न्यूनतम भन्दा बढी जति पनि बढाएर दिने निर्णय गरियो ।